## काठमाडौं विश्वविद्यालय र पनौती नगरपालिकाका बीच
## बी. आर्किटेक्चर कोर्सको कक्षा सञ्चालन गर्ने सम्बन्धी सम्झौतापत्र

काठमाडौं विश्वविद्यालयको पत्र सङ्ख्या २६/८२९/२०७९/८० मिति २०७९ चैत्र १३ गतेको पत्रमा माग भइआए अनुसार पनौती नगरपालिका ७ नं. वडासमितिको पूर्ण बैठकबाट सिफारिस भई पनौती नगरपालिका कार्यपालिकाको मिति २०८०/२/७ को निर्णय नं. २ बमोजिम काभ्रेपलान्चोक जिल्ला पनौती नगरपालिका वडा नं. ७ स्थित इन्द्रेश्वर प्राथमिक विद्यालयको खाली भवन र त्यसले चर्चेको कि. नं. ८० को जग्गा काठमाडौं विश्वविद्यालय स्कुल अफ इन्जिनियरिङ अन्तर्गत बी. आर्किटेक्चर विषय अध्ययन-अध्यापन गराउन काठमाडौं विश्वविद्यालयलाई भोगाधिकार सहित हस्तान्तरण गरिने भएको छ। त्यस अनुसार काभ्रेपलान्चोक जिल्ला पनौती नगरपालिका वडा नं. ७ कार्यालय (जसलाई यस सम्झौतापत्रमा पहिलो पक्ष भनिनेछ) र काभ्रेपलान्चोक जिल्ला धुलिखेल नगरपालिका वडा नं. ४ स्थित काठमाडौं विश्वविद्यालय (जसलाई यसपछि दोस्रो पक्ष भनिनेछ) का बीच निम्नलिखित सर्त-बन्देजहरूको अधीनमा रही उक्त भवन र जग्गाका सम्बन्धमा यो सम्झौतापत्रमा हस्ताक्षर गरिएको छ।

### सर्त-बन्देजहरू

१. भौतिक संरचनाको जीर्णोद्धार दोस्रो पक्षले गर्नुपर्नेछ।

२. दोस्रो पक्षले हालको भौतिक संरचनामा फेरबदल गर्न चाहेमा पहिलो पक्षको मन्जुरी लिएर मात्र गर्न सक्नेछ।

३. बत्ती, पानी, टेलिफोन आदि प्रयोग गरे बापत लाग्ने महसुल दोस्रो पक्षले ब्यहोर्नेछ।

४. पनौती नगरपालिका वडा नं. ७ अन्तर्गत रहेका प्राचीन सम्पदाहरूको संरक्षण गर्ने सिलसिलामा विभिन्न नक्साङ्कन सम्बन्धी कार्य दोस्रो पक्षले निःशुल्क रूपमा गरिदिनेछ।

५. आर्किटेक्चर विषयमा पढ्न योग्यता पुगेर काठमाडौं विश्वविद्यालयले लिएको प्रवेश परिक्षामा उतिर्ण भएको आवेदक मध्ये जिहन्दार र आर्थिक अवस्था कमजोर भएका वडा नं. ७ मा स्थायी बसोबास भएको एकजना विद्यार्थीलाई पहिलो पक्षको सिफारिसमा दोस्रो पक्षले ५०% र अन्य वडाहरूमध्येबाट एकजनालाई ५०% शुल्कमा अध्ययन गराउनेछ।

पनौती नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

६. पहिलो पक्षको सिफारिसमा दोस्रो पक्षले श्री इन्द्रेश्वर उच्च मा. वि. पनौतीमा सञ्चालन भइरहेको साइन्स कक्षाको पढाइमा आवश्यक सहयोग गर्नेछ ।

७. पहिलो पक्षले दोस्रो पक्षलाई १५ (पन्ध्र) वर्षका लागि उक्त भवन र जग्गा भोगचलन गर्न दिनेछ ।

८. सम्झौता अवधिमा सो संरचना र जग्गालाई दोस्रो पक्षले आफ्नो आवश्यकता र सुविधा अनुसार प्रयोग गर्नेछ ।

९. यस सम्झौताका विषयमा कुनै विवाद खडा भएमा आपसी समझदारीबाट समाधान गरिनेछ । विवाद समाधान हुन नसके मुलुकी देवानी संहिता ऐन २०७४ तथा प्रचलित कानुन बमोजिम हुनेछ ।

**हस्ताक्षरकर्ता**

............................
श्री रामशरण भण्डारी
नगरप्रमुख : पनौती नगरपालिका

पनौती नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पनौती, काभ्रेपलाञ्चोक, बागमती प्रदेश, नेपाल
२०७३

............................
प्रा. डा. भोला थापा
उपकुलपति : काठमाडौं विश्वविद्यालय

काठमाडौं विश्वविद्यालय
KATHMANDU UNIVERSITY
२०४८ — 1991

इति सम्वत् २०८० साल मङ्सिर १८ गते रोज २ शुभम् ।